## ……………………………………….सिचाई जल उपभोक्ता समिति

## …………………………………………………………….को विधान

नेपाल राष्ट्र सुदुरपश्चिम प्रदेशको ………………….. जिल्ला………………….. गा.पा./न.पा., वडा नं……………… स्थित …………………………………..खोला मुलको पानीलाई समुचित ढंगले उपयोग गरेर ……………………. जिल्ला ……………………………… गा.पा., वडा नं……………. स्थित खेती योग्य जग्गामा सिचाई सुविधा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गरी देशको विकासमा टेवा पुर्‍याउन सक्ने उद्देश्यले उक्त श्रोतबाट …………………………..सिचाई कुलो/पोखरी निर्माण गरी आपसी सहयोगद्धारा संचालनमा ल्याउन यस क्षेत्रका उपभोक्ताहरुको साधारण सभाद्धारा यो विधान तयार गरिएको छ । यसमा उपभोक्ता समितिलाई सबल र सक्रिय बनाउनु पर्ने कुरालाई उच्च प्राथमिकता प्रदान गरी आवश्यकता अनुसार उप-नियमहरु पनि तयार गरिएका छन् ।

## परिच्छेद - १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो विधानलाई ………………………….. सिचाई जल उपभोक्ता समिति …………. को विधान भनिनेछ ।

ख) यस जल उपभोक्ता समिति जलश्रोत  ऐन, २०४९ को दफा २(घ) र सिचाई नियमावली २०५६ (पहिलो संशोधन२०६०) को नियम २ उपनियम   (१) अनुरुप दर्ता भइसकेपछि यो विधान लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधान अन्तर्गत :

क) “समिति” भन्नाले …………………………..सिचाई जलउपभोक्ता समितिलाई जनाउँदछ ।

ख) “सिंचित क्षेत्रफल” भन्नाले पूर्वमा …………………………………, पश्चिममा ……………………………, उत्तरमा ……………………………… र दक्षिणमा …………………………………… यति चार किल्ला भित्र रहेको जम्मा जग्गा ………………..हेक्टरलाई जनाउँदछ ।

ग)  “जल उपभोक्ता समिति” भन्नाले यस विधानको दफा ११ मा उल्लेखित प्रक्रिया अनुसार गठन भएको समितिलाई जनाउँदछ ।

घ)  “साधारण सभा” भन्नाले जल उपभोक्ताको साधारण सदस्यता प्राप्त कृषकहरुको भेलालाई जनाउँदछ ।

ङ) “अध्यक्ष” भन्नाले जलउपभोक्ता समितिको प्रमुख व्यक्तिलाई जनाउँदछ ।

च) “उपाध्यक्ष” भन्नाले जलउपभोक्ता समितिको उपप्रमुखलाई जनाउँदछ ।

छ) “सचिब” भन्नाले जलउपभोक्ता समितिको सचिबलाई जनाउँदछ ।

ज) “सदस्य” भन्नाले जलउपभोक्ताको साधारण सदस्यता प्राप्त जलउपभोक्ता सदस्यलाई जनाउँदछ ।

झ) “कार्यकारिणी सदस्य” भन्नाले जलउपभोक्ता समितिको सदस्य वा पदाधिकारीलाई जनाउँदछ ।

ञ) सिचाई जल उपभोक्ता समितिका पदाधिकारी भन्नाले व्यवस्थापन समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव, कोषाध्यक्ष वा कुनै सदस्य वा कार्यकारीणी सदस्य जसलाई समितिको तर्फबाट कार्य गर्न कुनै दर्जा वा जिम्मेवारी दिइएको छ, त्यस्ता व्यक्तिहरुलाई जनाउँदछ ।

**३. समितिको छाप :**

समितिको दैनिक कार्यहरुलाई वैधानिकता प्रदान गर्न समितिको आफ्नो कार्यालयको छाप रहने छ । यो छापको आकार गोलाकार हुनेछ । यो छापमा ..................................................................................................... सिचाई जलउपभोक्ता समिति,.............................................२०६७, भन्ने उल्लेख हुनेछ ।

**४. समितिको कार्यालय :**

समितिको कार्यालय ...................................जिल्ला ..................................गा.पा., वडा नं...................... क्षेत्रमा रहने छ ।

## <u>परिच्छेद - २</u>

<u>**उद्देश्यहरु**</u>

**५. समितिको उद्देश्यहरु :**

समितिको मुल उद्देश्य ................................ जिल्ला ............................. गा.पा., वडा नं. ....................स्थित .......................................खोलाको पानी सदुपयोग गरी सिंचित कृषि प्रणालीमा सुधार ल्याई कृषि उत्पादनमा वृद्धि ल्याउनु रहेको छ । यसले भरपर्दो सिचाई प्राणालीको स्थापना, संचालन, मर्मत-सम्भार र विकास गरी सिंचित क्षेत्रकै विकास गराउनमा टेवा पुर्‍याउने छ । समितिको खास उद्देश्यहरु निम्न अनुसार हुनेछन :

क) सिचाई प्रणाली जसमा बाध, कुलो नहर, पोखरी र सिचाई क्षेत्रको लागी पानी वितरण प्रणालीको निर्माण संचालन। मर्मत-संभार र व्यवस्थापन गर्नु ।

ख) सिचाई प्रणालीको नयाँ निर्माण वा निमार्ण-सुधार कार्य गर्न सरकारी बजेटको परिचालन गर्नु उपभोक्ता कृषकहरुको श्रोत परिचालन गर्नु र आवश्यक परेमा जलउपभोक्ता समितिलाई राष्ट्रिय, वित्तिय वा बैंकहरुबाट ऋणलिनमा समेत सघाउनु ।

ग) सदस्य जलउपभोक्ताहरु लाई प्रभावकारी र समानुपातिक ढंगले पानी वितरण गर्नु ।

घ) सिचाई प्रणालीको संचालन, मर्मत र व्यवस्थापनको लागी आवश्यक श्रोत जुटाउनु, जल उपभोक्ताहरुको प्रयासलाई एकत्रित तथा परिचालन गरी सम्बन्धित निकायहरुसंग आवश्यक समन्यव कायम राख्नु ।

ङ) निर्माण सुधार कार्य सम्पन्न भइ पछि सिचाई प्रणालीको संचालन, मर्मत-सम्भार र व्यवस्थापनामा साझेदार हुनु संयुक्त व्यवस्थापन प्रणाली वा पूर्ण जिम्मेवारी कृषक सिचाई प्रणाली  लिनु ।

च) खेती प्रणालीमा सुधार ल्याई उपभोक्ताहरुको जीवन स्तर उकास्न जल उपभोक्ता समितिको कार्यदक्षतमा सुधार ल्याउन आवश्यक उपसमितिहरुको गठन र परिचालन गर्नु जस्तै समयमा मलखाद उपल्ब्ध गराउन सघाउ उपसमिति, खेती प्रणाली सुधार उपसमिति बजार व्यवस्थापन  उपसमिति , नहर प्रणाली, रेखदेख तथा मर्मत-सम्भ उपसमिति, पानी वितरण र शुल्क असुली उपसमिति आदि ।

छ) वातावरण संरक्षणको लागि आवश्यक गतिविधिहरु संचालन गर्नु ।

ज) नहर प्रणालीको सु-संचालनको लागी आवश्यक हुन आउने अन्य कामहरु ।

## परिच्छेद - ३

**सदस्यता :**

**६. सदस्यताको लागी आवश्यक योग्यता :**

सिचाई क्षेत्र भित्र जग्गा हुने जोताह जग्गाधनी वा मोही नलागेको जग्गाको जग्गाधनी वा निजहरुको अख्तियार प्राप्त जोताहा किसानलाई समितिको सदस्यता स्वतः प्रदान गर्न सकिने छ । समितिको सदस्य १६ वर्ष वा सो भन्दा बढी उमेरको हुनु पर्दछ । यदि जग्गाधनी वा जोताहा किसान १६ वर्ष भन्दा कम उमेरको भए निजको संरक्षकलाई समितिको सदस्यता दिइनेछ । मोही नलागेको जग्गाको जग्गाधनी स्वयम्ले खेती नगरी अधिया वा अन्य मोही नलाग्ने प्रथा अनुसार अरुलाई जग्गा जोत्न दिएको अवस्थामा धनी वा निजको अख्तियार प्राप्त व्यक्तिलाई सदस्यता दिन सकिने छ ।

**७. सदस्यता शुल्क :**

क) जल उपभोक्ता समितिले निर्धारण गरे बमोजिम सदस्यहरुसँग सदस्य शुल्क उठाउन सक्नेछ ।

ख) सिचाई प्रणालीको निर्माण सुधार, मर्मत-सम्भार , संचालन र व्यवस्थापनको लागी आवश्यक रकम जुटाउन साधारण सभाले तोकिए अनुसार सदस्यता शुल्क बाहेक अन्य शुल्कहरु पनि हरेक सदस्यले तिर्नु पर्नेछ ।

**८. सदस्यताबाट निष्काशन वा निलम्बन :**

क) जग्गाधनीले जग्गा बेचेमा वा मोहीयानी हक बेचेमा वा हस्तान्तरण भएमा सदस्यता खारेज हुनेछ र नयाँ जोताहा जग्गाधनी वा निजबाट अख्तियार प्राप्त व्यक्ति सदस्यता ग्रहण गर्न योग्य हुनेछ ।

ख) जल उपभोक्ता समितिका नियमहरु उंलघन गरेको वा तिर्नु पर्ने शुल्क वा दस्तुर नतिरेको खण्डमा व्यवस्थापन समितिको निर्णय अनुसार सदस्यता निलम्बन गर्न सकिनेछ । यदि कुनै निष्काशित सदस्यले सबै शुल्कहरु तिरेर समितिको नियम पालन गरेमा निजलाई पुनः सदस्यता प्रदान गर्न सकिनेछ ।

## परिच्छेद - ४

**साधारण सभा र जलउपभोक्ता व्यवस्थापन समिति :**

**९. साधारण सभा :**

क) साधारण सभामा जल उपभोक्ता समितिका सम्पूर्ण सदस्यहरु समावेश हुनेछन ।

ख) साधारण सभा एक वर्ष भित्रमा कम्तीमा एक पटक बोलाइने छ । आवश्यक परेमा अपर्झट तरिकाले पनि माथि उल्लेखित साधारण सभाहरु बोलाउन सकिने छ ।

ग) साधारण सभाको तिथि, समय, स्थान र छलफल गरिने विषय-वस्तुहरु जलउपभोक्ता समितिद्धारा तय गरिने छ ।

घ) साधारण सभाको अध्यक्षता जल उपभोक्ता समितिको प्रमुख व्यक्तिले गर्नेछ । निजको अनुपस्थितिमा उपप्रमुख निज पनि अनुउपस्थित रहेमा सभाले मनोनयन गरेको कुनै एक सदूयले साधारण सभाको अध्यक्षता ग्रहण गर्नेछ ।

ङ) साधारण सभा बोलाउदा सबै सदस्य कृषकहरुलाई कम्तिमा एक हप्ताको अग्रीम सूचना दिईने छ । उक्त सूचनामा साधारण सभा हुने मिति, समय, ठाउँ र विषय बारे स्पष्ट उल्लेख भएको हुनु पर्दछ ।

च) साधारण सभामा कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा कम सदस्यहरुले मात्र भाग लिन आएमा गणपुरक संख्या (कोरम) नपुगेको मानी सभा स्थगित हुनेछ ।

छ) यसरी गणपुरक नपुगेको अवस्थामा दोश्रो सूचना दिई ३ दिन पछि पुनः साधारण सभा बोलाईने छ ।

ज) यसरी दोश्रो सूचनाद्धारा बोलाइएका साधारण सभामा २५ प्रतिशत भन्दा बढी सदस्यहरुले भाग लिन आएमा गणपुरक संख्या ( कोरम) पुगेको ठहर गरी सभा संचालन गरिनेछ ।

झ) उपस्थित सदस्यहरुको साधारण बहुमतले कुनै निर्णय गरेमा त्यसलाई बैध मानिनेछ ।

ञ) साधारण सभाको अन्य प्रक्रियागत निर्णयहरु साधारण सभा स्वयम्ले गर्न सक्नेछ ।

**१०. साधारण सभाको काम कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन :

क) सिचाई प्रणालीको निर्माण-सुधार, संचालन, मर्मत र व्यवस्थापनको लागी आवश्यक उपनियमहरु बनाउने र जारी गर्ने ।

ख) साधारण सभाका सदस्यहरु मध्येबाट जलउपभोक्ता व्यवस्थापन समितिको लागी पदाधिकारीहरुको चयन गर्ने ।

ग) जलउपभोक्ता समितिको लेखापरीक्षण प्रतिवेदनको अनुमोदन गर्ने ।

घ) जलउपभोक्ता समितिले पेश गरेको वार्षिक बजेटलाई स्वीकृति प्रदान गर्ने ।

**११. जलउपभोक्ता समितिको निर्माण/गठन :**

क) साधारण सभाका सदस्य कृषकहरु मध्येबाट सिचाई प्रणालीका सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी उपयुक्त व्यक्तिहरु चयन गरी जल उपभोक्ता समितिको निर्माण गरिनेछ ।

ख) जल उपभोक्ता समितिमा कम्तीमा ७ जना सदस्यहरु रहने छन् । अध्यक्ष, उपाध्यक्ष, सचिब, सहसचिब र कोषाध्यक्ष पदाधिकारी अन्य विषयगत कार्यकारिणी सदस्यहरु हुनेछन् ।

ग) पदाधिकारी तथा कार्यकारीणी सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

घ) सिंचाइ नियामावली २०५६(पहिलो संशोधन २०६०)को नियम ८(क)उपनियम (१) बमोजिम दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र महालेखा परीक्षकको विभागबाट मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई सो को प्रतिवेदन र वार्षिक प्रतिवेदन संलग्न गरी सम्बन्धित सिंचाइ कार्यालयमा नवीकरणको लागि दरखास्त दिनुपर्नेछ ।

उपनियम(२) कुनै कारणबाट उपनियम(१) बमोजिमको म्यादधित्र दरखास्त दिन नसकेमा सो समेत खुलाई एकस रुपैया विलम्ब शुल्क समेत संलग्न गरी थप नब्बे दिनभित्र नवीकरणको लागि दरखास्त दिनुपर्नेछ ।

ङ) सिंचाइ नियामावली २०५६ (पहिलो संशोधन २०६०)को नियम ६को उपनियम(१)र(२) बमोजिमको म्यादभित्र नवीकरण नभएको कार्य समिति स्वतः विघटन भएको मानिनेछ ।

च) सिचाई प्रणालीलाई प्रभावकारी ढंगले संचालन, मर्मत-सम्भार र व्यवस्थापन गर्न आवश्यकता अनुसार शाखा वा ब्लक समितिहरु पनि निर्माण भएको अवस्थामा शाखा वा ब्लक समितिको अध्यक्ष जल उपभोक्ता व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ ।

**१२. जल उपभोक्ता समितिको बैठक :**

क) जल उपभोक्ता समितिको बैठक घटीमा वार्षिक ........... पटक बस्नेछ ।

ख) जल उपभोक्ता समितिको अध्यक्षले आवश्यक ठानेमा आकस्मिक बैठकहरु पनि बोलाउन सक्नेछ । कार्यकारी सदस्यहरु मध्ये २५ प्रतिशत वा सो भन्दा बढीले समितिको अध्यक्षलाई लिखित अनुरोध गरेमा पनि जल उपभोक्ता समितिको बैठक बोलाइने छ ।

ग) सचिबले अध्यक्षको सिफारिस अनुसारको समय, मिति र ठाउँमा समितिको बैठक बोलाउने छ ।

घ) समितिको बैठकको सभापतित्व समितिको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुले चयन गरेको सदस्यले सभापतित्व गर्नेछ ।

ङ) बैठकमा न्यूनतम गणपुरक संख्याको लागी ५० प्रतिशत भन्दा बढी कार्यकारिणी सदस्यहरुको उपस्थित हुनु आवश्यक छ ।

च) जल उपभोक्ता समितिका सबै कार्यकारिणी सदस्यहरु लाई कम्तिमा ३ दिन अगाडी नै बैठक बारे जानकारी दिनु पर्दछ ।

छ) न्यूनतम गणपुरक संख्या नपुगेमा बैठक स्थगित गरी दोश्रो पटक बैठकको सुचना जारी गर्न सकिने छ ।

ज) दोश्रो पटक बोलाइएको समितिको बैठकमा २५ प्रतिशत मात्र सदस्यहरु उपस्थित भएमा पनि बैठक बस्न सक्नेछ ।

झ) बैठकमा साधारण बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

ञ) बैठक सम्बन्धी अन्य कार्यविधि बारे आवश्यक निर्णय समिति स्वयंले गर्नेछ ।

**१३. जल उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :**

जल उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारहरु निम्न अनुसार हुनेछन् :

क) जल उपाभेक्ता समितिको वार्षिक कार्यक्रम र आर्थिक विवरणहरु साधारण सभामा पेश गर्ने ।

ख) साधारण सभाबाट पारित योजना र कार्यक्रमहरु लाई कार्यान्वयन गर्ने, गराउने ।

ग) उपरोक्त योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागी जल उपभोक्ता समितिको आर्थिक श्रोतबाट आवश्यक बजेटको व्यवस्था मिलाउने ।

घ) जल उपभोक्ता समितिको जाउँबाट हुने अन्य सम्पूर्ण कार्यहरु सम्पादन गर्ने ।

ङ) जल उपभोक्ता समितिको कार्य सम्पादन र्ष्न कार्यकारिणी सदस्य वा समिति सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने ।

च) साधारण सभा नबसुन्जेलको लागी रिक्त पदपूर्ति गर्न जल उपभोक्ता समितिका सदस्यलाई मनोनयन गर्ने ।

## परिच्छेद ५

**जलउपभोक्ता समितिका कार्यकारिणी सदस्यहरु :**

**१४. समितिका कार्यकारिणी सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

**क) अध्यक्षको काम, कर्तव्य र अधिकारहरु :**

- साधारण सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।
- जल उपभोक्ता समितिको बैठकको मिति, समय, ठाउँ र विषय किटान गर्ने ।
- जल उपभोक्ता समितिको बैठकमा कुनै विषयमा मतविभाजन भई पक्ष र विपक्षमा बराबर भोट गएमा निर्णायक भोटको प्रयोग गर्ने ।
- जल उपभोक्ता समितिको प्रतिनिधित्व गर्ने, वा प्रतिनिधित्व गर्न पदाधिकारी वा कार्यकारिणी सदस्यको चयन गर्ने ।
- आवश्यक परेको समयमा जल उपभोक्ता समितिको आकस्मिक बैठक बोलाउने ।
- कार्यन्वयन समितिको सदस्यहरुलाई क्रियाशिल बनाउने र तिनीहरुको गतिविधिमा समन्वय ल्याउने ।

- सेवा निकायका कार्यक्रमहरुमा तालमेल (समन्वय) गराउने ।
- सिंचित खेती प्रणाली कार्यान्वयन गर्ने गराउने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

- अध्यक्षको दैनिक काम सम्पादन सघाउने ।
- अध्यक्षको अनुपस्थितिमा निजको सम्पुर्ण अधिकार प्रयोग गरी कार्य सम्पादन गर्ने गराउने ।

**ग) सचिब :**

- जल उपभोक्ता समितिको निर्णय अनुसार साधारण सभा बोलाउने ।
- अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने ।
- जल उपभोक्ता समितिको बैठकमा भएका निर्णयहरु र माईन्यूटको रेकर्ड अद्यावधिक राख्ने ।
- साधारण सभा समक्ष जल उपभोक्ता समितिको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।
- जल उपभोक्ता समितिको बैठकमा लिइएका निर्णयहरुलाई प्रमाणित गर्न उपस्थित सदस्यहरुको दस्तखत संकलन गर्ने ।
- जल उपभोक्ता समितिको विधान, नीति र निर्णयहरु अनुरुप समितिको तर्फबाट पत्राचार गर्ने ।
- अध्यक्षद्धारा निर्देशित अन्य कार्यहरु सम्पादन गर्ने ।

**घ) सह-सचिब :**

- जल उपभोक्ता समितिको हितको लागी सचिबलाई निजको काम, कर्तव्य सम्पादनमा सघाउने ।
- 
- सचिबको अनुपस्थितिमा निजको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

**ङ) कोषाध्यक्ष :**

- जल उपभोक्ता समितिको नगद र जिन्सी जिम्मेवारी लिने र त्यसको अद्यावधिक रेकर्ड राख्ने ।
- जल उपभोक्ता समितिको वार्षिक बजेट तयार गरी समितिमा पेश गर्ने ।
- जल उपभोक्ता समितिको आय व्ययको हर हिसाब राख्ने ।
- सदस्यता शुल्क, जरिवाना, चन्दा, चुङ्गीकर र अन्य शुल्कहरु उठाउने ।
- जल उपभोक्ता समितिको आर्थिक कारोवारमा निगरानी र नियन्त्रण गर्ने ।

**च) सह-कोषाध्यक्ष :**

- कोषाध्यक्षलाई उनको काम, कर्तव्य सम्पादनमा सघाउने ।
- कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्ष भै काम गर्ने ।

**छ) कार्यकारिणी सदस्य-सिचाई प्रणाली मर्मत तथा सम्भार (हेरालु)**

- संचालन तथा मर्मत सम्भार उपसमितिको अध्यक्षता गर्ने ।
- पानी वितरण तालिका तयार त्यस अनुसार कार्य गर्ने गराउने ।

- जल उपभोक्ता समितिको विधान तथा नियमावलीमा उल्लेख भए अनुसार पानी वितरण तथा मर्मत सम्भारका कार्यहरु लागु गराउने ।
- मर्मत सम्भार तथा सुपरीवेक्षणमा लागेको जनश्रमदानको लागत राख्ने ।

**ज) कार्यकरिणी सदस्य-कृषि (LRP)**

- सिंचित क्षेत्रको कृषि विकास संग सम्बन्धित उपसमितिको अध्यक्षता गर्ने ।
- सिंचित क्षेत्र भित्र उन्नत कृषि प्रविधिको प्रयोग गराउनमा सघाउने ।
- सिंचित क्षेत्रका जलउपभोक्ताहरुलाई उन्नत कृषि प्रविधि प्राप्त गरी जानकारी दिने ।
- कृषि प्राविधिज्ञहरु संग छलफल गरी सिंचित क्षेत्रमा सुहाउदो कृषि प्रणाली र वाली सघनता पत्ता लगाई समितिका पदाधिकारीहरुबाट स्वीकृत तथा कार्यान्वयन गराउन पेश गर्ने ।

**झ) कार्यकारिणी सदस्य-कृषि सामाग्री (LRP)**

- कृषि सामाग्रीको आवश्यकता, उपलब्धि र वितरणको जिम्मेवार लिएको उपसमितिको अध्यक्षता गर्ने ।
- सबै उपभोक्ता सदस्यहरु संग व्यक्तिगत रुपमा छलफल गरी आवश्यक मल, बीउ र कीटनाशक औषधिको मौसमी र वार्षिक आवश्यकता यकिन गर्ने ।
- आवश्यक मात्रमा कृषि सामाग्री समयमा नै प्राप्त गर्न सम्बन्धित निकायहरु जस्तैः कृषि सामाग्री संस्थान। सहाकारी संस्थाका व्यक्तिगत डिलरहरु संग सम्पर्क राख्ने ।
- जल उपभोक्ता समितिका पदाधिकारीहरु लाई कृषि सामाग्री आपूर्तिका लागी आफुले गरेको प्रयास बारे समयमा नै जानकारी दिने ।

**ञ) कार्यकारिणी सदस्य-संस्थागत विकास :**

- संस्थागत विकास संग सम्बद्ध उपसमितिको अध्यक्षता गर्ने ।
- जल उपभोक्ता समितिसंग सम्बद्ध समस्याहरुबारे बास्तविक जानकारी लिई तिको सामाधानको लागी जल उपभोक्ता समितिलाई सहयोग गर्ने ।
- जल उपभोक्ता समितिलाई विभिन्न उपसमितिहरुको गठन र तिनको परिचालनमा मद्दत गर्ने ।
- जल उपभोक्ता समितिको संरचनामा आवश्यकता अनुसार कुलेसो, उपशाखा तथा शाखा नहर, ब्लक र प्रणाली स्तरमा सुधार ल्याउन उपभोक्ता तथा सिचाई विभागका कर्मचारीहरु संग सल्लाह गरी संगठनलाई सघाउने ।
- संस्थागत विकास सम्बन्धी विभिन्न निकायहरुबाट तालिम प्राप्त गर्ने र सिकेका ज्ञान र सीप अन्य उपभोक्ताहरुलाई जानकारी दिने ।

**ट) कार्यकारिणी सदस्य-कृषि उपज बेच बिखन तथा बजार व्यवस्था : (Collection point operator, Agro vet, Market Management Committee, LRP)**

- कृषि उपज बेच बिखन तथा बजार व्यवस्था उपसमितिको अध्यक्षता गर्ने ।
- उपभोक्ता सदस्यहरुको उत्पादनमा बेचबिखनको लागी छुट्टयाउन सकिने कृषि उपजको मात्रा निर्धारण गर्ने र त्यसको बजार सम्म ढुवानी र बेचबिखनको व्यवस्था मिलाउने ।
- बजारमा लगन सकिने कृषि उपजको सामुहिक बजार व्यवस्था मिलाई उचित मुल्य प्राप्तिमा सघाउने ।
- विभिन्न कृषि उपजको विभिन्न बजारमा के, कति भाउ छ बुझि समितिलाई जानकारी दिने ।

- सदस्य उपभोक्ताहरुको दैनिक आवश्यकता परिपूर्ति गर्नुका साथै कृषि उपजको उचित मूल्य प्राप्त गराउन वित्तिय संस्थाबाट ऋण लिई बेचबिखन गर्न संचित कृषि उपजको गोदाम व्यवस्थापन र भण्डारण गर्नमा मद्दत पुर्‍याउने ।

**ठ) कार्यकारिणी सदस्य-तालिम तथा समन्वय :**

- तालिम तथा समन्वय उपसमितिको अध्यक्षता गर्ने ।
- सबै उपसमितिहरुको क्रियाकलापलाई मुलसमितिको कार्यक्रम संग तालमेल मिलाउने ।
- जल उपभोक्ता समितिको क्रियाकलापमा सघाउने, सहयोगी निकायहरुको कार्यक्रमहरु विच समन्वय कायम गर्न कोशिस गर्ने ।
- जल उपभोक्ता समितिलाई तालिमको आवश्यकता पहिचान गर्ने, योजना बनाउन, कार्यान्वयन गर्न र तालिम कार्यान्वयन गर्न र तालिम कार्यक्रमहरुको मुल्याङ्कन गर्न सघाउने ।

## परिच्छेद - ६

**वित्तिय र श्रोत व्यवस्थापन**

**१५. आम्दानीका श्रोतहरु :**

जलउपभोक्ता समितिको आम्दानीका निम्न श्रोतहरु हुन सक्छन ।
क) सदस्य शुल्क
ख) सिचाई सेवा शुल्क
ग) सदस्यहरुबाट असुल गरिएका जरिवाना र अन्य शुल्कहरु
घ) समितिले विभिन्न व्यक्ति वा निकायबाट प्राप्त गरेको दान, चन्दा, उपहार, आर्थिक सहयोग, अनुदान आदि
ङ) जल उपभोक्ता समितिले विभिन्न वित्तिय श्रोतबाट प्राप्त गर्ने ऋण रकम ।

**१६. चालु र स्थिर सम्पत्तिको हरहिसाब राख्ने :**

जल उपभोक्ता समितिको विधान बमोजिम चालु र स्थिर पूँजीको हरहिसाब जलउपभोक्ता समितिको निर्देशन अनुसार राखिनेछ । अचल सम्पत्तिको तथ्याङ्क पनि जल उपभोक्ता समितिको सिफारिश अनुसार राखिनेछ ।

**१७. कोष :**

जलउपभोक्ता समितिको कार्यहरु सम्पादन गर्न एउटा कोष खडा गरिनेछ । समितिको नाउँमा प्राप्त हुने सबै आम्दानी यसै कोषमा जम्मा गरिनेछ । समितिको कार्यहरुमा लाग्ने सम्पूर्ण खर्च पनि यसै कोषको प्रयोग गरी खर्च गरिनेछ । यस कोषको संचालन जल उपभोक्ता समितिको निर्देशन बमोजिम गरिनेछ ।

**१८. लेखा परीक्षण :**

क) साधारण सभाले नियुक्ति गरेको मान्यता प्राप्त लेखा परीक्षकबाट संगठनको आर्थिक कारोबारको वार्षिक लेख परीक्षण गराइनेछ ।

ख) साधारण सभालाई लेखा परीक्षण प्रतिवेदनको पुनरावलोकन र अनुमोदनको अधिकार रहनेछ । यदि प्रतिवेदनमा अनियमितता भेटिन्छ भने साधारण सभाले जल उपभोक्ता समितिलाई सो सच्याउन आदेश जारी गर्नेछ । जल उपभोक्ता समितिको हरहिसाब र लेखा परीक्षण प्रतिवेदन जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालयमा वर्षेनी बुझाउनु पर्नेछ ।

## परिच्छेद - ७

**विविध**

**१९. चुनाब :**

साधारण सभाका सदस्यहरुले जलउपभोक्ता समितिको पदाधिकारीहरु र कार्यकारिणी सदस्यहरुको चयन गर्नेछन् ।

**२०. समितिको सदस्यताको लागी अयोग्यता :**

कुनै सदस्य मानसिक रुपमा अस्वस्थ्य वा शारीरिक रुपमा अपाङ्ग भई कार्य गर्न असमर्थ छ भने जलउपभोक्ता समितिको सदस्यता ग्रहण गर्न अयोग्य ठहर गरिनेछ ।

**२१. अविश्वासको मत :**

क) यदि समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्य विरुद्ध साधारण सभाका ५० प्रतिशत भन्दा बढी सदस्यहरुले उक्त पदाधिकारी वा सदस्यले आफुलाई दिएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्न असक्षम भएको भनि दावी गर्दै निवेदन दिएमा उक्त निवेदन अनुसार साधारण सभाको उपस्थित सदस्य मध्ये दुई तिहाईको बहुमतले समर्थन समेत गरेमा उकार्यकारिणी सदस्यलाई आफ्नो ओहदामा बस्ने अधिकार रहने छैन ।

ख) साधारण सभामा माथि उल्लेखित निर्णय गर्नु अगाडी त्यस व्यक्ति (जसको विरुद्ध निवेदन परेको छ उसलाई आफ्नो विरुद्ध लागेको आरोपको सफाई पेश गर्ने मौका दिइनेछ ।

ग) यदि अविश्वासको मत साधारण सभाबाट पारित भएन भने सोही व्यक्ति विरुद्ध १(एक) वर्ष ननाघदै अर्को अविश्वासको मत पुन : दर्ता गराउन पाईने छैन ।

**२२. राजीनामा :**

कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले स्वेच्छाले आफ्नो पदबाट समितिको अध्यक्ष समक्ष राजीनामा पेश गरेमा राजीनामा स्वीकृत गर्ने नगर्ने अधिकार साधारण सभालाई रहने छ ।

**२३. जलउपभोक्ता समितिको सदस्यताबाट निस्काशन :**

जल उपभोक्ता समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले बिना पूर्वसूचना साधारण सभाको ३ वटा बैठकमा वा समितिको ५ वटा बैठकमा लगातार अनुपस्थित भएमा निजको सदस्यता स्वतः खारेज हुनेछ ।

**२४. संशोधन अधिकार :**

यो विधान सिचाई नियमावली २०५६(प्रथम संशोधन२०६०) को दफा ७ अनुसार संशोधन गर्न सकिने छ । संशोधनलाई साधारण सभाको दुई तिहाई बहुमतले पारित गराउनु पर्नेछ । जिल्ला जलश्रोत समिति वा सम्बन्धित निकायको स्वीकृति प्राप्त भए पछि संशोधित विधान लागु हुनेछ ।

**२५. विनिमय संशोधन अधिकार :**

सिचाई प्रणाली र समिति प्रभावकारी ढंगले संचालन गर्न, समितिले विनिमय बनाउन, संशोधन गर्न र लागु गर्न सक्नेछ ।

**२६. दण्ड सजायहरु लागु गर्ने अधिकार :**

जल उपभोक्ता समितिले अनाधिकार पानीको प्रयोग, सिचाई संरचनाहरुको हानी नोक्सानी, आदि रोक्न विभिन्न दण्ड, सजाय, जरिवाना वा सदस्यताबाट निलम्बन आदि व्यवस्था लागु गर्न सकिनेछ ।

**२७. सम्झौता गर्ने अधिकार :**

जल उपभोक्ता समितिले प्रशस्त मात्रामा पानी उपलब्ध गराउन, पानीको निकास गर्न र सिचाई सुविधा पुर्‍याई कृषि उत्पादनमा वृद्धि ल्याउन आवश्यक संरचनाहरुको निर्माण-सुधार गर्न कुनै अन्य व्यक्ति संग सम्झौता गर्न सक्नेछ ।

**२८. समितिको छाप :**

जलउपभोक्ता समितिको कार्यालयको छाप निम्नानुसार हुनेछ ।

